आज मिति २०७७ साल चैत्र ३१ गते मंगलबारका दिन बिर्तामोड नगरपालिकाको बैठक नगर प्रमुख श्री ध्रुव कुमार शिवाकोटीज्यूको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितिले निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो

उपस्थिति

नगर प्रमुख : श्री धुव कुमार शिवाकोटी

नगर उप-प्रमुख : श्री पवित्रादेवी महतारा प्रसाई

१ नं. वडा अध्यक्ष : श्री अग्नी प्रसाद पाण्डे

२ नं. वडा अध्यक्ष : श्री नगेन्द्र प्रसाद संग्रौला

३ नं. वडा अध्यक्ष : श्री भोजराज सिटौला

४ नं. वडा अध्यक्ष : श्री कुल प्रसाद संग्रौला

५ नं. वडा अध्यक्ष : श्री राजेन्द्र प्रसाद लिङ्गदेन

६ नं. वडा अध्यक्ष : श्री सुर्य प्रसाद कन्दङ्गवा

७ नं. का.वा वडा अध्यक्ष : श्री चन्द्रकला पकुवाल

८ नं. का.वा वडा अध्यक्ष : श्री दिपक भट्टराई

९ नं. वडा अध्यक्ष : श्री पवित्रा पाठक

१० नं. वडा अध्यक्ष : श्री दुर्योधन गुरुङ्ग

कार्यपालिका सदस्य : श्री शुरेन राजवंशी

कार्यपालिका सदस्य : श्री द्रौपदि गणेश

कार्यपालिका सदस्य : श्री भागिरथा आचार्य

कार्यपालिका सदस्य : श्री निता घतानी

कार्यपालिका सदस्य : श्री गिता घिमिरे

कार्यपालिका सदस्य : श्री संगिता शिवा

सचिव : श्री गणेश प्रसाद दाहाल

Scanned with CamScanner

निर्णय नं १

नव वर्ष २०७८ र सिरुवा पर्वको पावन अवसरमा सम्पूर्ण नगरवासी दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति, सम्वृद्धि एवं उत्तरोत्तर प्रगतिको मंगलमय शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं २

बिर्तामोड नगरपालिकाको आर्थिक वर्ष २०७६/०७७ को कार्य सम्पादन स्वमूल्याङ्कनबाट प्राप्त नतिजालाई अनुमोदन गर्ने र उक्त नतिजा सार्वजनिक गर्ने निर्णय गरियो ।

निर्णय नं ३

बिर्तामोड नगरपालिका वडा नं. १० सैनिक बजार बुद्ध चौक देखि वडाकार्यालय हुदै वडा नं ९ को सिमाना सम्म जोड्ने बाटोमा प्लम सहित कालो पत्रे निर्माण कार्यको यस कार्यालय र उपभोक्ता समिति बीच रु २५,३६,४७७।- मा नगरपालिकाले रु.२२,००,०००।- जनसहभागिता रु.३,३६,४७७।- व्यर्होने गरि मिति २०७६/९/९ मा सम्झौता भई मिति २०७७/१/९मा कार्य सम्पन्न गर्ने गरि सम्झौता भएकोमा उक्त योजना कार्यान्वयनको चरणमा रहेको अवस्थामा सडकको निर्माण कार्यमा एलाइन्मेन्टमा बिबाद भई अदालतमा मुद्दा समेत परि पक्ष बिपक्षका बीच मिति २०७७/९/१३ गते अदालतबाट मुद्दा फिर्ता भएकोले उक्त योजनाको म्याद २०७८/ ३/१५ गते सम्म थपगर्ने निर्णय गरियो । साथै उक्त योजनामा योजनाको नाममा मात्र प्लम्प निर्माण उल्लेख भएको तर लागत अनुमानमा प्लम्प निर्माणको लागत अनुमा नरहेको हुँदा साविक लागत आईट अनुसारको काम मात्र गराउने समेत निर्णय गरियो ।

निर्णय नं.४

हात्तिपाईले रोग विरुद्ध आम औषधी सेवन कार्यक्रम अन्तर्गत मिति २०७७/१२/२० गते देखि २०७७/१२/२९ सम्म सञ्चालित कार्यक्रममा बिर्तामोड नगरपालिका क्षेत्रभित्र कुल ८१,८७८ जनालाई औषधि खुवाउने लक्ष रहेकोमा सेवन अवधिमा कुल ९१,५०७ जनाले औषधि सेवन गरि लक्षको तुलनामा १११ प्रतिसत प्रगति हासिल भएको छ । उक्त कार्यक्रममा औषधि सेवन गर्ने सम्पूर्ण नगरबासि, औषधि सेवन कार्यमा सहयोग पुऱ्याउने जनप्रतिनिधि ज्यूहरु, राजनैतिक दलहरु, टोलविकास संस्थाहरु, नागरिक समाज, शिक्षण संस्थाहरु लगायत गैह्रसरकारि संघ संस्थाहरु एवं प्रत्यक्ष रुपमा औषधि सेवन कार्यमा सम्लग्न सम्पूर्ण स्वास्थ्यकर्मिहरुलाई धन्यवाद दिने निर्णय गरियो ।

Scanned with CamScanner